नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख १० गते २०३६ साल

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना

स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ को दफा १ (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले बहुमूल्य रत्नहरूको खरिद-बिक्री लेनदेनको कारोबारमा बाहेक अन्य सबै कारोबार र मालसामानका सम्बन्धमा उक्त ऐनको बाँकी सबै दफाहरू देहायका जिल्लाहरूमा २०३६ वैशाख ७ गतेदेखि प्रारम्भ हुने गरी तोकिदिएको छ।

१. पाँचथर
२. धनकुटा
३. सिन्धुली
४. गोर्खा
५. प्यूठान
६. अर्घाखाँची
७. सुर्खेत
८. डोटी

आज्ञाले–
देवेन्द्रराज पाण्डे
श्री ५ को सरकारको का. मु. सचिव

99
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।